मल्लरानी गाउँपालिका अध्यक्ष श्री अमरध्वज राना मगरले
मल्लरानी गाउँपालिकाको सातौँ गाउँसभामा
पेश गर्नुभएको आर्थिक वर्ष २०७७।०७८ को

# नीति तथा कार्यक्रम

## मल्लरानी गाउँपालिका

खलंगा, प्यूठान
५ नं प्रदेश, नेपाल

गाउँसभाबाट स्वकृत मिति २०७७ असार ५ गते

**मल्लरानी गाउँपालिकाको सातौँ गाउँसभाका प्रमुख अतिथी ज्यू,**

**विशेष अतिथि ज्यू,**

**सम्पूर्ण राजनैतिक दलका प्रतिनिधिज्यूहरु,**

**गाउँसभाका सदस्यज्यूहरु,**

**प्रमुख जिल्ला अधिकारीज्यू, सुरक्षा निकायका प्रमुखज्यू,**

**सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, संचारकर्मी मित्रहरु तथा उपस्थित सम्पूर्ण अथिति महानुभावहरु ।**

- नेपालको संविधान २०७२ अनुसार स्थानीय सरकारका रुपमा मल्लरानी गाउँपालिका वि स २०७३ फागुन २७ गते स्थापना भइ स्थानीय सरकारको रुपमा कार्य गर्दै आइरहेको छ । संघीय संरचनामा स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो । यही पृष्ठभूमीमा रहेर मल्लरानी गाउँपालिकाको सातौ गाउँसभामा आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरवको अनुभूति गरेको छु ।
- विभिन्न व्यवस्था र शासन प्रणाली विरुद्ध संघर्ष गर्दै लोकतान्त्रिक गणतन्त्र स्थापना गरी जनमतबाट राज्य संचालन गर्ने अवस्थामा ल्याउन विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति श्रद्धान्जली अर्पण गर्दछु । राष्ट्रियता, राष्ट्रिय हित एवं स्वाभिमान, लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै नेपाली समाजको युगान्तकारी रुपान्तरणका लागी उहाँहरुले पुर्याउनुभएको योगदानको स्मरण गर्न चाहन्छु ।
- कोभिड १९ नामको कोरोना भाइरसबाट सिर्जित विश्वव्यापी महामारीका कारण उत्पन्न असहज परिस्थितिबाट उल्लेख्य रुपमा धनजनको क्षति उत्पन्न भएको छ । यस महामारीका कारण अहिलेसम्म ज्यान गुमाउनुहुने सबै व्यक्तिहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै महामारीबाट आक्रान्त सम्पूर्णमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।
- कोभिड १९ को महामारी रोकथाम र नियन्त्रणका लागि अपनाइएको लकडाउन, सामाजिक दुरी लगायतका कार्यको कार्यान्वयनमा अनुशासित र सक्रियतापूर्वक सहयोग गर्नुहुने सम्पूर्ण गाउँवासी लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । कोभिड १९ को रोकथाम र नियन्त्रणमा अग्रमोर्चामा खट्नुहुने चिकित्सक, स्वास्थ्यकर्मी, जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी तथा व्यवस्थापन कार्यमा खटिनु भएका सबैलाइ हृदय देखि नै धन्यवाद दिन चाहन्छु । यसको साथै, यस महामारीको रोकथाम नियन्त्रण र उपचारमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न राजनीतिक दल, निजी क्षेत्र, सहकारी, सामुदायिक संस्था, गैरसरकारी क्षेत्र, संचार जगत, सामुदायिक/संस्थागत विद्यालय लगायत सम्पूर्ण गाउँवासी प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।
- स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारको विकास सम्बन्धि लक्ष्य उद्देश्य प्राप्त गर्न समन्वय सहयोग र सहकार्य गर्दै स्थानीय अर्थतन्त्रको विकास र विस्तारबाट समृद्धिको आधार निर्माणमा महत्वपूर्ण भूमिका खेल्दछ । विकास निर्माणका साधन श्रोतको बढोत्तरी, सेवा प्रदायक निकायहरुमा सहज पहुँच सँगै निकायगत अन्तर समन्वय र साझेदारीमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहले नेपाल सरकार तथा प्रदेश सरकारको योजना नीति अनुरुपका नीति योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दै आएका छौ तर स्थानीय तहलाइ प्राप्त हुने न्यून बजेटका र आन्तरीक आय श्रोतको कारण सोचे अनुरुपका विकास निर्माणका कामहरु गर्न अप्ठ्यारे परेको छ ।

**स्थानीय तहको निर्वाचन भएको पहिलो र दोस्रो वर्षमा काम गर्दै सिक्दै जाने प्रकृयामा रह्यौ र तेस्रो वर्षमा काम गरिरहेका थियौ र कामको मध्यतिर आउँदा कोभिड १९ को कारण गर्न लागेका कतिपय कामहरु बिचमै अधुरा रहन पुगे भने कति सुरुवात नै गर्न सकिएन । साथै क्वारेन्टाइन निर्माण र व्यवस्थापनमा व्यतित हुन पर्यो । तथापि आ.ब. २०७६।०७७ मा गरेका मुख्य मुख्य कार्यको छोटो समिक्षा गर्न चाहन्छु ।**

- नेपाल सरकारको नीति अनुरुप एक घर एक धाराको अवधारणालाई पूर्णता दिनको लागि खानेपानीको क्षेत्रमा यस गाँउपालिकाले धेरै नै लगानी गर्नु पर्ने हुन्छ । सीमित श्रोत साधनका वावजुद जनतालाई खानेपानीको पहुँच पुर्याउने उद्देश्यले गाँउपालिकाबाट प्रदेश सरकार संगको सहकार्यमा वडा नं. ४ मा झिमरुक मल्लरानी लिफ्ट खानेपानी र वडा नं. ३ दोमाई खोला लिफ्ट खानेपानी योजना वहुवर्षिय योजनाको रुपमा निर्माण कार्य यस वर्ष देखि सुरुवात गरिएको छ । प्रदेश सरकारबाट सशर्त अनुदानको रुपमा प्राप्त भएको चुँजा लिफ्ट खानेपानी योजना र सरङकोट दरभाने लिफ्ट खानेपानी योजना कार्यान्वियनमा रहेको छ । स्थानीय पूर्वाधार विकास कार्यक्रमको सहकार्यमा खरिकापाटा दोभान चौरपानी लिफ्ट खानेपानी योजना कार्यान्वियनमा रहेको छ ।
- विभिन्न साना सिँचाइ आयोजनाहरुलाइ कार्यान्वियनमा ल्याइएको छ ।
- मुलागैरा चिसापानी लिफ्ट खानेपानी आयोजनाको काम सञ्चालन भइरहेको छ ।
- यस गाँउपालिका भित्र रहेको मल्लरानी डाँडालाई पर्यटकीय स्थलको रुपमा विकास गर्नको लागि मल्लरानी डाँडा जाने सडकको स्तरोन्नती कार्यको लागि माग गरे अनुरुप नेपाल सरकार र यस गाँउपालिकाको सहकार्यमा उक्त योजना वहुवर्षिय योजनाको रुपमा निर्माण कार्य अगाडि वढाइएको छ । साथै पूर्वाधारका अन्य संरचनाहरु निर्माण गरिएको छ । यस गाँउपालिकाको दुर्गम वडाको रुपमा रहेको वडा नं. १ सोलहाल्ना क्षेत्रको सडक स्तरोन्नतीको लागि मर्कावाङ सोलहाल्ना गोयलछेडी सडक निर्माण कार्य यस वर्ष देखि सुरुवात भएकोछ ।
- उज्यालो मल्लरानी कार्यक्रम अन्तर्गत मल्लरानी गाँउपालिका क्षेत्र भित्र रहेको फुसको छाना विस्थापन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- गाउँपालिका भित्र विद्युतिकरण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- जनताको घरदैलोमा गई सेवा पुर्याउने उद्देश्यले जेष्ठ नागरिक, अपांगता परिचय पत्र वितरण गर्ने कार्य र उपभोक्ता समितिको क्षमता विकास तथा योजना सम्झौता गर्ने कार्य सम्वन्धित वडाहरुमा घुम्ति शिविर मार्फत संचालन गरिएको छ ।
- मल्लरानी गाँउपालिकामा रहेको खलंगा प्राथमिक स्वास्थ्य केन्द्रको भौतिक पूर्वाधारका कार्यहरु सम्पन्न हुने अवस्थामा रहेकोछ । स्थानीय पूर्वाधार विकास साँझेदारी कार्यक्रम अन्तर्गत विभिन्न भौतिक पूर्वाधारका कार्यहरु सम्पन्न भइरहेको छ ।
- निर्माण कार्यलाई प्रभावकारी र गुणस्तरीय वनाउन सार्वजनिक खरीद कार्यलाई विद्युतीय प्रणालीद्धारा प्रतिस्पर्धी र पारदर्शि वनाई निर्माण कार्यहरु संचालन गरिएको छ र अनुगमन कार्यलाई प्रभावकारी वनाइएको छ ।
- वडा नं. १ को चुँजा देउराली थाम सोलहाल्ना सडकको सम्भाव्यता अध्ययन गर्ने कार्य सम्पन्न भएको छ ।
- आहार विकास कार्यक्रम तर्फ बहुवर्षे घाँस र डाले घाँस वितरण गर्ने कार्य, परजिवि तथा रोग नियन्त्रण, व्यावसायीक कृषकहरुको वाख्रा, बंगुर, कुखुराको खोर सुधार तथा व्यवस्थापन, पशु स्वास्थ्य शिविर संचालन जस्ता कार्यहरु निरन्तर रुपमा गरिएको छ ।
- मौसमी तथा वेमौसमी तरकारी सिडकिट कम्पोजिट प्याकेट वितरण, व्यावसायीक तरकारी खेति गर्ने कृषकहरुलाई तरकारी विरुवा उत्पादनको लागि नेट सहितको टनेल वितरण तथा व्यवस्थापन, आकष्मिक बाली संरक्षण सेवा, भकारो सुधार, साना सिंचाई आयोजना निर्माण कार्यहरु निरन्तर रुपमा गरिएको छ ।

- विद्यालय उमेर समूहका बालबालिकाको भर्नामा पहुँचको सुनिश्चितता गर्दै सबै कक्षाको सिकाइ उपलब्धि ५८ प्रतिशत पुर्याइएको छ ।
- सार्वजनिक सेवा प्रवाहलाइ छिटो छरितो सेवा प्रदान गर्नका लागी गाउँपालिका र वडा कार्यालयहरुमा इन्टरनेट सुविधा, गुनासो सुन्ने अधिकारी, सूचना अधिकारीको व्यवस्थाले जनतामा स्थानीय सरकार प्रति विस्वास बढेको महशुस गरेका छौँ । स्थानीय न्यायीक समितिले न्याय समितिमा आएका विवादहरुको मेलमिलापको माध्यमबाट मिलापत्र गराइ स्थानीय तहमै न्याय निरुपण गरिएको छ ।
- विद्यालयहरुको गुणस्तर वृद्धि गर्नका लागी मल्लरानी गाउँपालिकाका वालविकास देखि माध्यमिक तह सम्मका विद्यालयमा ३९ जना शिक्षकहरुलाइ अनुदानमा निरन्तरता दिइएको छ ।
- मल्लरानी गाउँपालिकमा रहेको एक मात्र प्यूठान क्याम्पसलाई अनुदान बापत दिइएको रकमलाइ निरन्तरता दिइएको छ ।
- सामुदायिक वन उपभोक्ता समितीको साझेदारीमा बहुउद्धेश्यिय नर्सरी निर्माण कार्य निरन्तर सञ्चाल भइरहेको छ ।
- मिति २०७७ असार मिहना सम्म कोभिड १९ को विश्वव्यापि महामारीको अवस्थामा नेपाल र भारतका विभिन्न शहरबाट मल्लरानी गाउँपालिकामा फर्किनुभएका ८५० जना व्यक्तिहरुलाइ क्वारेन्टाइनमा राखि व्यवस्थापन गरिसकिएको छ ।

**आदरणिय उपस्थित महानुभावहरु तथा गाउँसभा सदस्य ज्यूहरु,**
**अब म मल्लरानी गाउँपालिकाको आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु।**

# आर्थिक विकास

### पशु सेवा तर्फः

१. पशुपंक्षी उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याइ पशुउत्पादनमा आत्मनिर्भर गर्न संभाब्यताको आधारमा बिभिन्न पशु पंक्षीहरुका पकेट क्षेत्र पहिचान गरि सो पकेटहरुमा प्याकेज कार्यक्रम संचालन गर्ने र पशु पालन ब्यबसाय लाई ब्याबसायिकरणमा जोड दिइ मल्लरानी गाउँपालिकालाइ मासुमा आत्म निर्भर गराउन पर्यत्न गरिनेछ ।

२. पशुपालन व्यवसायलाई व्यवसायिकरण र बिबिधिकरण गर्दै बजार व्यवस्थापन तर्फ उन्मुख बनाउने बिभिन्न किसिमका उन्नत भुईघाँसको बिकास गरि यस्तो पशु आहाराको आपूर्ति गर्ने र घाँसको बिउको श्रोत केन्द्र स्थापना रुपमा उत्पादन गर्न कृषक समुह मार्फत थालनी गरिनेछ । साथै उन्नत जातको घासको बीउ बेर्नाको उत्पादन वितरण गर्नका लागि कृषक समुहलाइ जोड दिइनेछ ।

३. नक्ष्लसुधार कार्यक्रम बाट पशु पंक्षीहरुमा संख्यात्मक भन्दा गुणात्मक परिबर्तन गराई गुणस्तरयुक्त पशुपंक्षि उत्पादन बढाउनका लागि उपयुक्त कार्यक्रम अवलम्बन गरिनेछ ।

४. निर्बाहमुखी पशुपंक्षि पालनलाई ब्यबसायमुखी उन्मुख गराउदै गरिवी न्युनिकरण गर्न टेवा पुराउन भौगोलिक क्षेत्र तथा तुलनात्मक फाईदाको आधारमा सुहाउदो पशुपालन ब्यबसायलाई प्रवर्द्धनगर्न लागत साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

५. उन्नत पशुपालन प्रबिधिको प्रचार प्रसार गरी उन्नत पशु पालन ब्यबसाय बारे कृषकहरुलाई जानकारी गराइनेछ । पशुधन संरक्षणका लागि बिभिन्न रोग बिरुद्ध खोप , बाह्य तथा आन्तरिक परजिबी तथा उपचार सेवा कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरी पशुहरुका संक्रामक रोग नियन्त्रण गर्ने र पशुधन सुरक्षण गरिनेछ ।

६. पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व बृद्धि गरि आन्तरिक माग पूर्ति गर्न सकिने क्षेत्रहरुमा संम्भाबताको आधारमा सघन पशु बिकास कार्यक्रम संचालन गरिनेछ ।

७. आयमुलक कार्यक्रमको रुपमा कुखुरा, बाख्रा, गाई, भैसी, बंगुर पालन कार्यक्रम संचालन गरी रोजगारको अबसरहरु श्रृजना गर्नुका साथै कृषकको आयमा बृद्धिगरी गरिवीको न्यूनिकरण गर्दे जाने र जीवनस्थरमा सुधार ल्याउने उठाउने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।

८. कृतिम गर्भाधान सेबा बिस्तार गरि उन्नत बाच्छा, बाच्छी, पाडा पाडि उत्पादन गरि दुधमा आत्म निर्भर गर्न पर्यत्न गरिनेछ ।

## कृषि सेवा तर्फः

९. कोभिड १९ का कारण आन्तरिक र वैदेशिक रोजगारी गुमाएका मल्लरानी वासीलाइ गाउँमै रोजगारीका अवसर प्रदान गर्नका लागी कृषी कर्म गरी आयआर्जन गर्ने हेतुले कृषि क्षेत्रलाइ उच्च प्राथमिकताकामा राखि कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.कृषि क्षेत्रलाइ विकास गर्न बाँझो जग्गामा खेती गर्न प्रोत्साहित गरिनेछ । उत्पादन र उत्पादकत्व वृद्धिका लागि आधुनिक जातको बीउ आधुनिक उपकरण र सामाग्रीहरु कृषक समुहलाइ लागत साझेदारीमा वितरण गरिनेछ तर वितरणमुखी कार्यक्रमलाइ निरुत्साहित गरिनेछ ।

११.विपन्न वर्गका व्यक्तिहरुलाइ आय आर्जनका रुपमा आधुनिक ढंगले संचालन गर्ने गरी लागत साझेदारीमा कृषि उत्पादनलाइ आधुनिकिकरण गर्ने र उत्पादित वस्तुलाइ बजार सम्म पुर्याउनको लागि संकलन केन्द्र तथा हाट बजारको स्थापना गरी उत्पादित वस्तुलाइ बजारको पहुँचको सुनिश्चितता गरिनेछ ।

१२.फलफुल दशकका रुपमा ५० प्रतिशत अनुदानमा पकेट क्षेत्रका रुपमा फलफुलका विरुवा रोपण अभियान संचालन गरिनेछ यसले पकेट क्षेत्रका व्यवसायिक फलफुल प्रवद्धनमा सहयोग पुर्याइ फलफूल बगैचा निर्माणमा किसानहरुलाई प्रोत्साहन गरिनेछ ।

१३.कृषिमा आधुनिकीकरण र व्यवसायिकरण गर्न साना किसानहरुलाइ सहकारीको माध्यम बाट एकीकृत गर्दै सामुहिक खेती तरकारी बीउ बिजन फुल तथा अन्य कृषि उपजको बजार व्यवस्थापन गरिनेछ ।

१४. श्रम र सीप भएका तर आर्थिक अभाव भइ व्यवसाय संचालन गर्न नसकेका जागरुक युवा व्यवसायीलाइ कृषि व्यवसाय सम्बन्धी मापदण्ड तयार गरी वास्तविक किसानको पहिचान गरिनेछ र त्यस्ता व्यवसायीलाइ व्यवसाय संचालनको लागि प्रस्ताव आवहान गरी कृषि व्यवसाय संचालनमा उत्प्रेरित गरिनेछ ।

१५.व्यवसायिक खेती गदै आइरहेका ब्यबसायिक र ब्यबसाय उन्मुख किसानलाइ पालिका स्तरीय सर्बोत्कृष्ट कृषक छनौट गरी प्रोत्साहन स्वरुप पुरस्कृत गरीनेछ ।

१६.मल्लरानी गाँउपालिका भित्रका स्थानका सम्भावित क्षेत्रहरुमा लगत कम प्रतिफल बढि हुने खालका वालीहरु लगाउने खालका कार्यक्रम ल्याइनेछ ।

१७.माटोको उर्बरा शक्ति को बृद्धि र प्राङ्गारीक खेतीलाइ बढवा दिनको लागी समुहको मागमा आधारित भकारो सुधार कार्यक्रम संचालन गरीनेछ । साथै दिगो कृषि विकास र समस्त मल्लरानी बासीको जीवनस्तरलाइ कृषिको माध्यमबाट आय स्तर वृद्धि गर्न त्यस क्षेत्रको माटोको अवस्था, Micro Climate, Traditional Practice र Existing Measure Successful Techniques को प्राविधिक अध्ययन र अनुसन्धानमा जोड दिइनेछ ।

१८. गाउँपालिकाको वडा नं ४ खलंगामा रहेको तरकारी हाटबजार परिचालनको लागी ब्यबसायिक कृषकबाट उत्पादित तरकारीलाइ ब्यबसायिबाटै संकलन गरी नियमित रुपमा संचालन गरीनेछ र हाट बजार लाइ थप ब्यबस्थीत रुपमा संचालनको लागी समिती गठन गरी संचालन गरीने छ ।

१९. घर घरमा आफैले रिचार्ज पोखरी निर्माण गरेका कृषकहरुलाइ गाउँपालिकाबाट प्रदान गरिने अनुदानमा प्राथमिकता दिइनेछ ।

२०. नेपाल सरकार बाट लागु गरीएको कृषि बिमा पद्धतीमा कृषकको पहुँच पुग्न नसकिरहेको अबस्थामा र सरकारले प्रिमियम रकमको ७५ प्रतिशत रकम तिरीदिदा पनि कृषकले बाली बिमा प्रति चासो नदिएकोले प्रमियमको १० प्रतिशत रकम गा.पा बाट तिरीदिने व्यवस्था मिलाइनेछ ।

२१. साना मिनिटिलर ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने र मिनिटिलर संचालकहरुको लागी मर्मत संभार सम्बन्धी सिपविकास तालिम सञ्चालन गरिनेछ ।

२२. कृषि क्षेत्रलाइ राष्ट्रिय रुपमा प्राथमिकता दिइरहेको र यस वर्ष गरिने कोरोना महामारीबाट उत्पन्न खाद्यान्न समस्या समाधान गर्न अत्यावस्यक भैरहेकोले भौगोलिक विकटतालाइ समेत ध्यान दिइ कृषि उत्पादन बढाउन आवश्यक कृषि प्राविधिकको व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

२३. बाँझो जग्गा उपयोग गर्न बेरोजगार युवालाई लिजमा जग्गा लिई खेती गर्न प्रोत्साहन गरिनेछ ।

## पर्यटन तर्फः

२४. मल्लरानी पर्यटन प्रवर्द्धनका लागी वडा नं ४ स्थित मल्लरानी डाँडामा पर्यटन विकासको लागी हाल भइरहेको मल्लरनी पर्यटन मार्गको स्तरोन्नती गरि पर्यटकिय गन्तव्यस्थल बनाउनका लागी आवश्यक कार्य गरिनेछ ।

२५. झाँक्रिस्थान मन्दिरलाइ पर्यटनको निम्ति विकास गर्न डि पि आर तयार गरि धार्मिक तथा प्राकृतिक पर्यटकिय क्षेत्रको रुपमा क्रमश बिकास गरीने छ ।

२६. पर्यटन प्रवर्द्धनको लागी सानीलेख, कुखुरेगौडा, गोरखपुरे धुरी देखी माझपानी सम्म Tracking को लागी सम्भाव्यता अध्ययन अनुसन्धान गरिनेछ ।

२७. मल्लरानी र झाँक्रिस्थानमा पर्यटन प्रवर्द्धन गर्न केवलकार सञ्चालनको लागी निजि क्षेत्र सँग सहकार्य गर्ने काम अगाडि बढाइनेछ ।

२८. खलंगा बजार र मल्लरानी क्षेत्रलाई सांस्कृतिक तथा प्राकृतिक पर्यटकिय क्षेत्रका रुपमा बिकास गरीने छ, साथै गाउँपालिका भित्रका विभिन्न सांस्कृतिक सम्पदा तथा मठ मन्दिर संरक्षण गर्दै क्रमश पर्यटकिय गन्तव्यको रुपमा बिकास गरीने छ । साथै ऐतिहाँसिक कोट घर हरुको संरक्षण गरी सडक सञ्जाल सँग जोडि पर्यटकिय क्षेत्रको प्रवर्द्धन गरिनेछ ।

## सहकारी तर्फः

२९. सहकारी संस्थाहरुको सुदृढिकरण विकास र प्रवर्द्धनको लागी नियमित अनुगमन नियमन र निरिक्षणको व्यवस्था मिलाइनेछ । सहकारी संघ संस्थाहरुसंग सहकार्य गरी उत्पादन मूलक व्यवसाय सञ्चालन गर्ने कार्य अघि बढाइनेछ ।

३०. निजि क्षेत्र, गैर सरकारी क्षेत्र र विकासका साझेदारहरु सँगको सहकार्यबाट सहकारी प्रवर्द्धन समुह सहकारीकरण, सहकारी चेतना, सहकारीमा रहेको पूँजी परिचालन सहकारी मार्फत लगानी अभिवृद्धि र सहकारी खेती प्रणाली लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. कुनै पनि सरकारी तथा गैर सरकारी संघ/संस्थाहरुले संचालन गर्ने कार्यक्रमहरुको लागि गाँउपालिकावाट अनुमति लिनु पर्ने र गाँउपालिकाको नीति अनुरुप कार्यक्रम संचालन गर्ने गरी एकद्धार नीति अवलम्वन गरिनेछ ।

३२. गरिवी निवारण कोष बाट सञ्चालित समूहलाइ गाउँपालिकाको दायरा भित्र ल्याइ व्यवस्थित गरिनेछ ।

३३. साना सहकारीहरुलाइ एकिकृत गरी ठूला सहकारी बनाउन पहल गरिनेछ ।

# सामाजिक विकास

**स्वास्थ्य तर्फः**

३४. निशुल्क आधारभूत स्वास्थ्य सेवा आम गाउँवासीको सुलभ र सरल पहुँचका लागि गाउँपालिकाद्धारा उच्च प्राथमिकता राखी कार्य गरिनेछ । स्वास्थ्य बीमा कार्यक्रममा सबै नागरिकलाइ पहुँच पुग्ने गरी काम अगाडि बढाइनेछ ।

३५.सबै नागरिहरुलाई स्वस्थ बनाई उत्पादकत्व अभिबृद्धि गर्न र स्वस्थ मानव निमार्ण गर्न स्वास्थ्य क्षेत्रलाई बिशेष प्राथमिकता दिई बजेट बिनियोजन गरिनेछ ।

३६. सबै तहका स्वास्थ संस्थाहरुबाट तोकिए बमोजिम निःशुल्क आधारभुत स्वास्थ्य सेवा शुनिश्चित गरिनेछ ।

३७.आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायत चिकित्सा प्रणालीलायई एकीकृत रुपमा विकास र बिस्तार गरिनेछ ।

३८. मानसिक स्वास्थ्य, मुख, आँखा, नाक, कान, घाँटी तथा महिलाको पाठेघर सम्बन्धि सेवाको उपचार तथा सेवा बिस्तार गरिनेछ ।

३९.स्वास्थ्य सेवाको सुधार एवं दिगो विकासकालागि मल्लरानी गाउँपालिकामा रहेको स्वास्थ्य शाखा, मातहतका सबै स्वास्थ्य संस्थाहरु, गाउँघर क्लिनिक,खोप क्लिनिक र महिला स्वास्थ्य सेवा प्रत्याभुत गराई बिषयगत कार्यक्रम एबं संघ संस्थाहरुसँग सहकार्य एबं समन्वय कायम गर्दै लगिने छ ।

४०. बाल तथा मातृ शिशु स्वास्थ्य सेवालाइ निरन्तरता दिई पूर्ण गर्भ जाँच तथा संस्थागत प्रसुतीमा बिशेष जोड दिईनेछ । वाल मृत्युदर लाइ शुन्य गराउन प्रयत्न गरिनेछ ।

४१. संस्थागत प्रसूती प्रवर्द्धनका लागि नब शिशुका लागि वेवि स्याम्फो, कटनवड, बेबी तेल, बेबी लोसन,बेबी साबुन, बेबी पाउडर, कटन रोल, नङकटर लगायतका स्वास्थ्य सामाग्रीहरु **'नवशिशु स्याहार उपहार कार्यक्रम'** अन्तर्गत उपहार स्वरुप प्रदान गरिनेछ ।

४२. यस आर्थिक बर्षमा मल्लरानी गाउँपालिका भित्रका बर्थिङ सेन्टर नभएका स्वास्थ्य संस्थाहरुमा सुरक्षित प्रसुती सेवा संचालनका लागि बर्थिङ सेन्टर स्थापना गर्न जोड दिइनेछ ।

४३. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाइ निरन्तरता दिई कुपोषण, रक्त अल्पता, परजीवि नियन्त्रण र ब्यक्तिगत सरसफाई संग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ ।

४४.जेष्ठ नागरिकको सम्मान गर्दै **'जनतासँग स्वास्थ्यकर्मी कार्यक्रम'** अन्तर्गत घरैमा गई औषधि तथा उपचार कार्यक्रम प्रभावकारी रुपमा संचालनमा ल्याईनेछ ।

४५. नसर्ने रोग न्यूनिकरणका रोकथाम तथा स्वस्थ जीवनशैली अबलम्वन गर्ने कार्यक्रमलाई यसैबर्ष देखि थालनी गरिनेछ ।

४६. नयाँ महिला स्वास्थ्य स्वंयसेविकाहरुकालागि यसै बर्ष आधारभुत तालिम तथा पुराना महिला स्वास्थ्य स्वंय सेविकहरुका लागि पुनर्ताजगी तालिम संचालन गरिने छ ।

४७. मल्लरानी गाउँपालिका क्षेत्रभित्रका गरिब, अति गरिब, अपाङ्गता भएका व्यक्ति, असहाय, बिपन्न परिवारका नागरिक, तथा जटिल प्रसव अबस्थाका सुत्केरीहरुलाई विष्टिकृत सेवाकालागि प्रेषण गर्नु परेमा प्रेषण खर्च उपलब्ध गराईने छ । एच.आई.भि. तथा पुनः दोहोरिएका क्षयरोगीहरुलाई पोषण खर्च उपलब्ध गराईने छ ।

४८.मल्लरानी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा मानसिक स्वास्थ्य कार्यक्रम प्रभावकारी रुपमा संचालन तथा औषधि उपचारको व्यवस्था मिलाईनेछ ।

४९. खलंगा प्राथमिक स्वास्थ्य केन्द्रबाट **'टेलिमेडिसिन सेवा'** को थालनि गरि उपचार, सल्लाह तथा बिशेषज्ञ सेवाको विकास गरिनेछ ।

५०. खलंगा प्राथमिक स्वास्थ्य केन्द्रका लागि जग्गा व्यवस्थापन प्रकृया तुरुन्त प्रारम्भ गरि खलंगा प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरउन्नतीको लागि पहल गरिनेछ ।

५१.स्वास्थ्य सेवाको पहुँच स्थानीय तह सम्म पुर्याउन गाउँघर क्लिनिकलाइ थप प्रभावकारी बनाउदै भौतिक पूर्वाधार थप गरिदै लगिनेछ ।

५२.पूर्ण खोप दीगोपनालाई स्थायित्व कायम गर्न खोप कार्यक्रमलाई विशेष जोड दिईनेछ ।

५३.सबै स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको बिस्तार गरि सबै स्वास्थ्य संस्थाहरुलाई सूचिकृत गरिदै लगिनेछ ।

## शिक्षा तर्फः

५४. प्रारम्भिक बालबिकास शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाइनेछ साथै आधारभूत तहको पहिलो चरणलाई सिकाइको जगको रुपमा विकास गरिनेछ ।

५५. विद्यालय उमेर समूहका बालबालिकाको भर्नामा पहुँचको सुनिश्चितता गर्दै सबै कक्षाको सिकाइ उपलब्धि ५८ प्रतिशत बाट ६५ प्रतिशत पुर्याउनुका साथै शैक्षिक क्षतिलाई न्युनिकरण गरिनेछ ।

५६.असहाय छात्रवृत्ति कार्यक्रमलाई बिस्तार गरिनेछ ।

५७. गाउँपालिका भित्रका प्राविधिक विद्यालय स्थापना गरी शैक्षिक हवका रुपमा विकास गर्न पहल गरिनेछ ।

५८. शिक्षा तथा मानव स्रोत विकास केन्द्रले दिएको सूचकको आधारमा नमूना विद्यालयलाई मजबुत बनाइनेछ ।

५९. दरबन्दी मिलान तथा विद्यालय मर्जको नीति अवलम्बन गरिनेछ ।

६०. मल्लरानी गाउँपालिकाका जनप्रतिनिधि लगायत कार्यरत कर्मचारी, शिक्षक, विद्यालय कर्मचारी, बालबिकास शिक्षक र विद्यालय व्यवस्थापन समितिका सदस्यका छोराछोरीहरुलाई सामुदायिक विद्यालयमा भर्ना गराउन अभिप्रेरित गर्ने काम निरन्तरता दिइनेछ ।

६१. गाउँपालिकाका सामुदायिक/सस्थागत विद्यालयहरुमा लेखा प्रणाली सफ्टवेरको व्यवस्था गर्न पर्यत्न गरिनेछ ।

६२. सिकाइ उपलब्धिको वृद्धिका लागि नमूना विद्यालय अवलोकन भ्रमणको सुरुवात गरिनेछ ।

६३. सामुदायिक तथा संस्थागत विद्यालयहरुका असल अभ्यासलाई सम्मिलित गर्दै संस्थागत विद्यालयहरुको प्रभावकारी नियमन गरिनेछ ।

६४. नमूना विद्यालय विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६५.विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण प्रक्रियालाई प्रभावकारी बनाई प्राविधिक सहायता प्रदान गर्ने पद्धतिको विकास गरिनेछ ।

६६. सुचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा एकिकृत गर्दै शिक्षण सिकाई प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाइनेछ ।

६७.सबै विद्यालयहरुमा योग्य तथा सक्षम बिषयगत शिक्षकको ब्यवस्थापन गरी उनीहरुको उत्प्रेरणा, पेशागत नैतिकता र सक्षमतामा अभिवृद्धि गर्नुका साथै शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धी सँग आवद्ध गरिनेछ।

६८. शिक्षक सक्षमताका आधारमा निरन्तर पेशागत विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । उत्कृष्ट विद्यालय, प्र.अ., शिक्षक /कर्मचारी, विद्यार्थी, वि.व्य.स. लाई प्रोत्साहन गरिनेछ ।

६९.विद्यालयहरुमा सह - अतिरिक्त क्रियाकलाप सञ्चालनमा जोड दिइनेछ । आधारभूत तहको परीक्षालाई स्तरीकृत गरिनेछ ।

७०. स्थानिय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ ।

७१.मल्लरानी गाउँपालिका भित्र कार्यरत शिक्षिकाहरु सुत्केरी भएमा शिक्षिकालाइ सुत्केरी भत्ता र पठनपाठनमा अवरोध नहुनका लागि शिक्षक व्यवस्था गरिनेछ ।

७२.विद्यालयको शासकीय सुधार सहित जनसहभागिता, सरोकारवालाहरुको प्रतिनिधित्व, पारदर्शिता, अपनत्व र उत्तरदायित्व प्रर्वर्द्धन गर्न सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम राखिनेछ ।

७३.विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउनुका साथै सबै विद्यालयहरुलाई सुरक्षित एवं हरित विद्यालयको रुपमा बिकास गरिनेछ ।

७४. स्थानीय स्तरका विद्यालय तथा स्थानीय खेलाडिहरुका लागी खेलकुद विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## खानेपानी तथा सरसफाई तर्फः

७५. प्रत्येक नागरीकलाइ स्वच्छ पिउनेपानी उपलब्ध गराउन विभिन्न खानेपानी योजनाहरुलाइ अगाडी बढाइनेछ ।

७६.खानेपानी, स्वच्छता तथा सरसफाइ **(WASH योजना)** निर्माण गरि प्राथमिकताका आधारमा सम्पूर्ण वडा र बस्ति समेट्ने गरी प्रदेश सरकारको नीति अबलम्वन गरि एक घर एक धारा योजना अगाडि बढाइनेछ ।

७७.गाँउपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी योजनाहरुलाई दीगो रुपमा संचालन गर्नका लागि खानेपानी उपभोक्ता तथा व्यवस्थापन समितिहरुलाई खानेपानी मर्मत संभार तथा व्यवस्थापन सम्वन्धी तालिमको व्यवस्था गरिनेछ ।

७८. गाउँपलिका भित्रको फोहोर मैला व्यवस्थापन गर्न ल्याण्डफिल साइट को खोजी गरी फोहोरमैला व्यवस्थापन गरिनेछ ।

## सांस्कृतिक पर्वर्द्धन तर्फः

७९. गाउँपालिका भित्रको संस्कृति झल्किने गरी विभिन्न जातजाति तथा भेषभूषा समेट्ने खालका कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फः

८०.लैङ्गिक विभेदको अन्त्य गर्दै पछाडी परेका वर्ग तथा समुदाय ,दलित, आदिबासी जनजाती, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई राज्यको सवै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको प्रत्याभूती गरेको छ । आर्थिक समृद्धि र दिगो विकासका लागी समान अग्रसरता र नेतृत्वदायी भुमिका स्थापित गर्दै श्रोत साधन, अवसर, लाभमा महिलाको समान पँहुच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम संचालन गरिनेछ ।

८१. संविधानको भावना मर्म अनुरुप गाँउपालिका क्षेत्रमा मानव विकास सुचकाङ्कको आधारमा पछाडी परेका वर्ग, समुदायको सशक्तिकरण गर्दै आर्थिक तथा सामाजिक रुपान्तरणको लागी लक्षित वर्गका कार्यक्रमहरु संचालन गरिनेछ । सीप तथा क्षमता विकास तालिम संचालन गरी पालिका क्षेत्रमा उपलब्ध रोजगारीका अवसरहरुको उपयोगका लागी सक्षम वनाउने कार्यलाइ प्राथमिकता दिइनेछ ।

८२. गाउँपालिका भित्रका नवजात शिशुहरुको बैंक मार्फत खाता सञ्चालन गरि रकम जम्मा गर्ने व्यवस्था गरिनेछ ।

८३. नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी बालअधिकार महासन्धीमा उल्लेख गरेका बालअधिकारका चार आयाम बालबचाउ, बालसंरक्षण, बालबिकास र बालसहभागिता जस्ता विषयलाई समेटेको छ । पालिका क्षेत्रमा रहेका बालबालिका हरुको तथ्यांक संकलन गरी उनिहरुको वास्तविक अवस्था पहिचान गरिनेछ । बालबालिका तथा किशोर किशोरीहरुलाई सवै प्रकारका हिंसा ,दुव्र्यवहार र शोषणवाट मुक्त गराउदै उनिहरुको हक अधिकार प्रयोग गर्न योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।

८४. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई पालिका क्षेत्रको विकासमा प्रयोग गर्न पालिका स्तरमा ज्येष्ठ नागरिक कल्याण समिति गठन गरी ज्येष्ठ नागरीक लक्षित कार्यक्रमलाई थप प्रभावकारी वनाईनेछ ।

८५. ज्येष्ठ नागरीकलाई सम्मान गर्ने कार्यक्रमहरु तथा स्वास्थ्य सुरक्षा अन्तर्गत निशुल्क आखा शिविर संचालन गरिनेछ ।

८६. अपाङ्गता भएका ब्यक्तिहरुको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागी कार्यक्रम संचालन गरिनेछ । पालिका क्षेत्रभित्रका भौतिक संरचना यातायात सेवा सुविधा, साधन श्रोत, सूचना तथा संचार प्रविधिलाई अपाङ्गमैत्री वनाउने नीति लिईनेछ । सवै प्रकारका अपाङ्गता भएका ब्यक्तिहरुको सहज जीवनयापनको लागी पुनः स्थापना, स्वास्थ्योपचार र सहायक सामाग्रीहरुको व्यवस्था गर्न सरोकारवाला निकाय सँग सहकार्य गरिनेछ ।

## रोजगार सेवा तर्फः

८७. कोभिड १९ को महामारीका कारण रोजगार गुमाएका श्रमिक, असहाय, गरिब तथा विपन्न वर्गलाई लक्षित गरि सिप विकास तालिम र रोजगारी सम्बन्धि आय आर्जनको बिशेष कार्यक्रम संचालन गरिनेछ ।

८८. कोभिड १९ को विश्वब्यापी महामारीले स्वदेशको रोजगारी सङ्कुचित हुने र वैदेशिक रोजगारीमा रहेका नेपालीहरु फर्किने सम्भावित परिस्थितिले बेरोजगारको संख्या बढ्ने देखिएको छ । बेरोजगारको सम्भावित पंक्तिलाई व्यावसायिक कृषि, बृहत भौतिक पूर्वाधार, स्थानिय पूर्वाधार, निर्माण र सेवा क्षेत्रमा परिचालन गर्न बेरोजगारको लगत संकलन गरि रोजगारदाता र रोजगारीको खोजीमा रहेका बीच सम्पर्क स्थापित गरी रोजगारी प्राप्तिमा सहयोग पुर्याउने कार्य गरिनेछ ।

८९. सीपयुक्त र दक्ष श्रमिकहरुको अभावलाई सम्बोधन गर्न आवश्यकता अनुसार छोटो आबधिको तालिम संचालन गरिनेछ ।

९०. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धि अन्य कार्यक्रमसँग आबद्ध गरी यथार्थ उत्पादनमूलक रोजगारी सिर्जना गर्न बेरोजगार लक्षित अभियानको रुपमा कार्यन्वयन गरिनेछ ।

९१.गाउँपालिकामा विद्यमान गरिबीको स्थिती मापन गरि गरिबी अन्त्यका लागि रोजगारीको व्यवस्था र आय आर्जनका लक्षित कार्यक्रमहरु संचालन गर्नेछ ।

९२. मल्लरानी गाउँपालिका अन्तर्गत संघ, प्रदेश तथा गाउँपालिका बाट संचालन हुने सम्पूर्ण विकास निर्माणका कार्यहरुलाइ रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथिमकता दिइनेछ ।

# पूर्वाधार विकास

## सडक तथा पुल तर्फः

९३.गाउँपालिकामा गरिएका पूर्वाधार विकासका भौतिक संरचनाको दीगो व्यवस्थापनका लागि आर्थिक वर्ष २०७७।०७८ देखि तीन लाख भन्दा माथिका आयोजनाहरुमा मर्मत संभार कोषमा ५ प्रतिशत रकम जम्मा गर्न नीति लिइनेछ र कोषमा भएको रकमबाट मर्मत सम्भार गरिनेछ ।

९४. गाँउपालिका क्षेत्र भित्र संचालनमा रहेका सडकहरुको स्तरोन्नती कार्यलाई जोड दिइनेछ । श्रममुलक कार्यलाई प्रवर्द्धन गर्न वडाहरुमा कम्तिमा एकवटा योजना श्रममुलक हुने गरी निर्माण गरिनेछ ।

९५. गाउँपालिका भित्रका सडकहरुमा यातायात सञ्चालन गर्नका लागी गुरु योजना निर्माण गरिनेछ ।

## सिंचाइ, उर्जा, सञ्चार तर्फः

९६.गाउँपालिका भित्रका नदि नियन्त्रण गरी विभिन्न सिंचाई कुलो तथा बाँधहरुमा तारजाली लगाउने कार्य अघि बढाइनेछ ।

९७. सिँचाइको अभावमा बाँझो रहेका खेतियोग्य जमिनमा सिँचाइको पहुँच पुर्याइ कृषि उत्पादन बढाउन सहयोग पुर्याइनेछ ।

९८. बजार क्षेत्रमा सडक वत्ति विस्तारमा जोड दिइनुका साथै गाउँपालिका क्षेत्र भित्रका विद्यालय र स्वास्थ्य संस्थाहरुमा क्रमशः सौर्य उर्जा प्रविधि जडान गरिनेछ ।

९९. जनता सू-सुचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न कार्यालयबाट सम्पादित कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, चौमासिक सार्वजनिकरण गर्ने कार्यलाई मिडिया सहकार्य गरि सूचना प्रवाह गरिनेछ ।

१००.गाउँपालिका भित्र टेलिफोन विस्तार नभएका ठाउँमा ल्यान्डलाइन विस्तारको लागी पहल गरिनेछ । साथै सूचना तथा संचारको विस्तारको लागी थप टावरको व्यवस्था गर्न पहल गरिनेछ ।

## व्यवस्थित शहरीकरण तर्फः

१०१. व्यवस्थित शहरीकरणका लागि भवन निर्माण संहिता तयार गरी लागू गरिने छ । वजार क्षेत्रभित्र जथाभावि सडक अवरोध हुने गरी निर्माण भएका टहरा, पशुचौपाया तथा निर्माण सामाग्री राख्ने जस्ता कार्यलाई निरुत्साहित गरिनेछ ।

१०२. नयाँ निर्माण हुने भवन गाँउपालिकावाट नक्शा पास गरेर मात्र निर्माण गर्ने नीति अवलम्वन गरिनेछ । निर्माण भई सकेका भवनहरु नियमानुसार नक्सा तथा घर अभिलेखीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

# वन वातावरण तथा विपद् व्यवस्थापन

## वन तथा भू-संरक्षण तर्फः

१०३. खालि रहेका डाँडाहरुमा वृक्षारोपण गर्न सम्बन्धित निकायहरु सँग सहकार्य गरी वृक्षारोपण, प्राकृतिक प्रकोप वा जोखिम न्यूनिकारण गर्न सहकार्य गर्ने निति लिइनेछ ।

१०४.जडिबुटी, फलफूल, दालचिनी, अमला, पाखनवेद, मालागिरी, टिमुर जस्ता बहुउपयोगी बोट विरुवालाइ वृक्षारोपण कार्यक्रम अन्तर्गत समावेश गरिनेछ ।

१०५. वन तथा वातावरण संरक्षणको लागी वायो इन्जिनियरिङ कार्यक्रम सञ्चालन गरि वृक्षारोपण गरीनेछ ।

१०६. सामुदायिक वन उपभोक्ता समितिहरु दर्ता गरी वन व्यवस्थापन र संरक्षणमा सहकार्य गरिनेछ ।

१०७. जलवायु परिवर्तन अनुकुलन योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

### जलाधार संरक्षण तर्फः

१०८. गाउँपालिका भित्रका जलाधारहरुको पहिचान गरी संरक्षण गरिनेछ ।

१०९. जलाधार क्षेत्रको संरक्षणका लागी  रिजार्ज पोखरी निर्माण कार्यलाइ निरन्तरता दिइनेछ ।

## सुशासन तथा संस्थागत

### मानव संशाधन विकास संस्थागत क्षमता विकास तथा न्याय तर्फः

११०. मल्लरानी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको कार्यक्षमता र कार्यकुशलताका आधारमा प्रोत्साहन तथा पुरस्कृत गरिनेछ ।

१११. वडा तथा गाउँपालिकास्तरीय पाँच लाख भन्दा माथिका भौतिक पूर्वाधार लगायत विकास निर्माणका कार्यहरु सार्वजनिक खरिद ऐन नियमावली बमोजिम सार्वजनिक सूचना आव्हान गरी खुला प्रतिस्पर्धा गरी अगाडी बढाइनेछ। यस्तो सूचना आ.ब. २०७७ /०७८ भाद्र महिना भित्र प्रकाशन गर्नका निम्ति तय गरिनेछ ।

११२. आर्थिक वर्षको अन्त्यमा आएर नयाँ योजना स्वीकृत गरी संचालन गर्ने पद्धतिको अन्त्य गरिनेछ साथै वडा तथा गाउँपालिका स्तरीय योजना संचालन गर्दा उपभोक्ताको वढी लागत साझेदारी हुने योजनालाइ पहिलो प्राथमिकतामा राखिनेछ र उपभोक्ता समितिबाट हुने काम जटिल अवस्थाको बाहेक श्रममूलक प्रविधिमा जोड दिइनेछ ।

११३. पालिकाभित्र संचालन तथा व्यवस्थापन हुने भौतिक पूर्वाधार विकासका योजनाहरुमा गुणस्तरीयता र लागत प्रभावकारिता कायम गर्न अनुगमन तथा मूल्यांकन व्यवस्थालाइ थप प्रभावकारी बनाइनेछ त्यस्ता योजनाको अन्तिम किस्ता भुक्तानी गर्दा अनुगमन, प्रतिवेदन र सार्वजनिक सुनुवाइ तथा सामाजिक परिक्षण गराइनेछ ।

११४. नेपाल सरकार र प्रदेश सरकारबाट छनौट संचालन र व्यवस्थापन भएका योजनामा दोहोरोपना आउन नदिने गरी योजना छनौट गरिनेछ, साथै यस्ता योजनाहरु तोकिएको समयभित्र तोकिएको गुणस्तर परिमाण र लागतमा संचालन तथा व्यवस्थापन गर्न गाउँपालिकाबाट उचित समन्वयात्मक कार्य गरिनेछ ।

११५. न्यायिक समितीबाट गरिने विवादका निरुपणलाइ वडामा मेलमिलाप केन्द्रको माध्यमबाट र गाउँपालिकामा इजलास कक्ष स्थापना गरी प्रभावकारी बनाइनेछ ।

११६. आ ब ०७७/०७८ श्रावण महिना देखि जन्मने बच्चाहरुका लागी रु १००० को बैँक खाता सञ्चालन गरिनेछ ।

११७. गाउँपालिकाबाट सम्पादन गरिएका क्रियाकलाप समेटी प्रत्येक ४।४ महिनामा पालिका बुलेटिन सहित क्रियाशिल पत्रकारहरु बीचमा आम संचार अन्तरसम्वाद कार्यक्रम संचालन गरिनेछ ।

### सूचना प्रविधि तर्फः

११८. राजश्व प्रशासनलाइ थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुका लागि थप तालिमका साथै प्रविधि सुधार तथा क्षमता विकासमा लगानी गरिनेछ ।

११९. पालिकाको हरेक वस्ती टोल तथा समुदायको पहिचान हुने गरी डिजिटल प्रोफाइल तयार गरी यसलाइ सम्रग पालिकाको पूर्वाधार विकास विपद् व्यवस्थापन सँग आवद्ध गरिनेछ ।

१२०. गाउँपालिका कार्यालय, वडा कार्यालय, कार्यालय अन्तर्गतका सम्पूर्ण सरकारी विद्यालय र स्वास्थ्य संस्थाहरुमा विद्युतिय हाजिरीको सुरुवात गरिनेछ, हाजिरिको नियमन गाउँपालिकाबाट गर्ने व्यवस्था मिलाइ क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

१२१. गाउँपालिका अन्तरगतका विद्यालयहरुलाइ सूचना प्रविधि मैत्रि बनाइनेछ यसका लागी सामुदायिक विद्यालयलाइ सूचना प्रविधिमैत्री बनाउन कम्प्यूटर शिक्षकलाइ कार्यालय संचालनका लागि आधारभूत कम्प्यूटर संचालन सम्बन्धि तालिमको व्यवस्था मिलाइनेछ ।

१२२. आ.ब ०७७/०७८ देखि सामाजिक सुरक्षा भत्ता वितरण लाभग्राहीहरुको अनिवार्य बैंक खाता खोली बैक मार्फत वितरण गरिनेछ ।

१२३. पञ्जिकरण तथा घटना दर्ता अनलाइन प्रणालीलाइ वडा कार्यालयबाट सञ्चालन गरी अनलाइन बाटै प्रमाण पत्र प्रदान गरिने व्यवस्था गरिनेछ ।

**राजश्व तर्फः**

१२४.गाउँपालिका तथा सवै वडा कार्यालयमा लागू गरिएको अनलाइन राजश्व प्रणालीलाइ थप सुदृढ र प्रभावकारी बनाइनेछ । राजश्व प्रणालीमा कर नतिर्ने कर बक्यौता राख्ने तथा पटक पटक सूचना प्रवाह गर्दा समेत अटेर गर्ने करदाताको विवरण संकलन गरी करको दायरमा ल्याइनेछ ।

१२५. **'कर डर होइन गाउँपालिकाको विकासको भर हो'** भन्ने तथ्यलाइ आत्मसाथ गर्दै सवै प्रकारका आर्थिक क्रियाकलापहरु करको दायराभित्र ल्याइनेछ ।

१२६. प्रचलित कानून अनुसार निर्धारण भएको कर तथा गैर कर राजश्व परिचालन गर्न विशेष कार्यक्रम गरिनेछ । कर सप्ताह, करदाता शिक्षा कार्यक्रम संचालन गरिनुका साथै कर संकलनका लागि घुम्ती शिविर संचालन गरिनेछ ।

१२७. राजश्वको दायरा फराकिलो गरी राजश्वको विविधिकरण एवं विस्तारीकरणमा जोड दिईनेछ ।

१२८.आन्तरिक आय वृद्धिका लागि करका नयाँ क्षेत्रहरु पहिचान गरी कार्यान्वयनमा ल्याइनेछ ।

१२९. राजश्व संकलन, लेखा व्यवस्थापन जस्ता सफ्टवयरहरुलाइ व्यवस्थित गरिनेछ ।

१३०. तोकेको समयभित्र कर बुझाउने करदातालाई ५ देखि १० प्रतिशतसम्म छुटको व्यवस्था गरिनेछ ।

१३१. गाँउपालिका क्षेत्रमा उत्खनन्, संकलन तथा निकाशी हुने नदीजन्य पदार्थको लागि प्रदेश सरकारको कार्यविधि अनुरुप व्यवस्थित गर्दै गाँउपालिकाको आयश्रोत वृद्धि गरिनेछ ।

**अन्त्यमा,**

**मल्लरानी गाउँपालिकाको यस गरिमामय सभामा पेश गरेको नीति तथा कार्यक्रमलाइ सफल कार्यान्वयनमा हौसला प्रदान गरिदिन प्रमुख अतिथिका रुपमा उपस्थित प्रमुख ज्यू, विशेष अथिति ज्यू, अन्य अतिथि ज्यूहरु, राजनितिक दलका प्रतिनिधिज्यूहरु, पत्रकार मित्रहरु, तथा आम गाउँपालिका वासिहरुमा आभार व्यक्त गर्दछु । साथै प्रस्तुत नीति तथा कार्यक्रमको सफलताको लागी आम गाउँबासीहरु तथा सरोकारवालाहरुबाट पृष्टपोषण र मार्गदर्शनको अपेक्षा गर्दछु ।**

**धन्यवाद ।**

**अमरध्वज राना मगर**
**अध्यक्ष**